मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २,   संख्याः ४,   प्रकाशन मितिः २०७६।१०।२६

**भाग - २**

## मध्यनेपाल नगरपालिकाको युवा एवं महिला, कृषि तथा पशुपालन लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रमाणिकरण मिति २०७५।०५।०३**

मध्यनेपाल नगरपालिकालाई कृषि तथा पशुपालन व्यवसाय मार्फत आत्मनिर्भर, स्वाबलम्बी बनाउन एवं आय आर्जनका अवसर जुटाई युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन बान्छनिय भएकोले मध्यनेपाल नगरपालिकाको कृषि व्यवसाय प्रबर्धन ऐन, २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "मध्यनेपाल नगरपालिकाको युवा एवं महिला, कृषि तथा पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू गरिने छ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

(१) "युवा लक्षित कार्यक्रम" भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न, प्रविधि, तालिम तथा बिऊ पूँजी सहितको व्यवसायिक तरकारी खेती, मत्स्यपालन र कुखुरापालन कार्यक्रम लगायत अन्य कृषि कार्यक्रमलाई जनाउँछ ।

(२) "युवा" भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ४५ वर्ष सम्मका मध्यनेपाल नगरबासी भन्ने बुझिन्छ ।

३. **यस युवा लक्षित कार्यक्रमका उद्धेश्यहरु**

(१) तरकारी, फलफुल खेती मत्स्यपालन, कुखुरापालन व्यवसाय संचालनका लागि आवश्यक प्रविधि तथा प्रतिस्पर्धी अनुदान दिने ।

(२) युवाहरुलाई नगर क्षेत्रभित्रै रोजगारीका अवसरहरु सृजना गर्न सघाउने ।

(३) युवाहरुलाई आय आर्जनमा टेवा पुर्‍याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्‍याउने ।

(४) कृषिजन्य बस्तुको उत्पादन र उत्पादकत्व बढाउने ।

४. **युवा लक्षित कृषि कार्यक्रम छनोटका आधारहरु**

(१) तरकारी फलफुल, कुखुरापालन, मत्स्यपालन गरिने स्थल भौगोलिक, प्रविधिक र आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने ।

(२) कृषि कार्यक्रम संचालन गर्ने युवा यसै नगरपालिकाको बासिन्दा हुनुपर्ने ।

(३) बैदेशिक रोजगारबाट फर्की आएकालाई विशेष प्राथमिकता दिईने छ।

(४) एक पटक अनुदान पाएका कृषक तथा जिजको संगोलमा रहेका कृषक परिवारलाई पुन ५ बर्ष अनुदान दिईने छैन।

५. **सूचना प्रकाशन** : युवा लक्षित कृषि कार्यक्रम अनुदान वितरण गर्न नगरपालिकाले अनुसुची १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्ने छ।

**६. निबेदन दिनुपर्ने:** यस कार्यक्रममा भागलिन चाहनेले अनुसुची २ को ढाँचामा नगरपालिका समक्ष निबेदन दिनुपर्ने छ।

**७. कार्ययोजना तथा प्रस्ताव पेश गर्नुपर्ने:** दफा ६ अनुसारको निबेदनको साथमा अनुसुची ३ अनुसारको कार्ययोजना तथा प्रस्ताव समेत संलग्न गर्नुपर्नेछ।

८.**छनोट प्रकृया** : दफा ६ बमोजिम प्राप्त प्रस्तावहरु दफा ९ बमोजिमको छनौट तथा सिफारिस समितिले अनुसुची ६ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी गरेको निस्पक्ष छनौट तथा सिफारिसको अधारमा कर्यपालिकाले निर्णय गर्ने जस्ता छनोट प्रकृया अवलम्बन गरिने छ।

९.**छनौट तथा सिफारिस समिति**: छनोट प्रकृया अपनाउँदा सूचना प्रकाशन गरी प्रस्ताव आवहान पश्चात प्राप्त प्रस्ताव छनोट गरी कार्यपालिका समक्ष सिफारिस गर्न एक समिति रहने छ। समितिमा देहायअनुसारका सदस्यहरु रहनेछन।

| | | |
|---|---|---|
| १ | नगर प्रमुख वा निजले तोकेको व्यक्ति | - संयोजक |
| २ | नगर प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य २ जना | - सदस्य |
| ३ | कृषि शाखा प्रमुख | - सदस्य सचिव |

**१०.अनुदान रकम प्रवाह प्रकृया** :

१) समितिले छनोट गरी पेश गरेको विवरणका आधारमा नगरकार्यपालिकाले निर्णय गरी अनुसुची ४ बमोजिमको संझौताको आधारमा अनुदान रकम बैंक खातामा जम्मा गरिनेछ। यसरी अनुदान प्राप्त गर्नेले अनुदानबाट संचालित व्यवसायको अनुसुची ५ को ढाँचामा प्रगति विवरण तयार गरि नगरपालिकामा पेश गर्नुपर्नेछ।

२) यसरी अनुदान प्राप्त रकम सम्बन्धित कृषि कार्यक्रममा लगानी गरी प्रतिफल प्राप्त गरेको नपाईएमा सम्पूर्ण रकम सम्बन्धित फर्म, सहकारी, समूह वा व्यक्तिबाट असूल उपर गरिने छ।

३) एक पटक अनुदान प्राप्त गर्नेलाई पुन अर्को पटक (५ वर्षसम्म) अनुदान दिईने छैन।

११.**अनुगमन तथा मुल्याङ्कन व्यवस्था** :- नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कृषि शाखा प्रमुखले समय समयमा अनुगमन गर्नु पर्नेछ।

**१२. कारबाहीको व्यवस्था** :- प्रस्ताव स्वीकृत भएका कृषकहरुले स्कीम र सम्फौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा सम्पूर्ण अनुदान रकम असुल उपर गरि नगरपालिकाको खातामा जम्मा गरिने छ।

**अनुसूची - १**

**युवा लक्षित कृषि प्रोत्साहन कार्यक्रमको प्रस्ताव आवह्वानको सूचनाको ढाँचा**

सूचना ! सूचना !! सूचना !!!

यस नगरपालिकाको आ.व. २०....।.... को स्वीकृत विनियोजित रकम अनुसार युवाहरुलाई तरकारी, फलफुल खेती, मत्स्यपालन, कुखुरा पालन, पशुपालन सम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार र आय आर्जन बढाउने कार्यक्रम रहेको हुदाँ इच्छुक कृषि व्यवसायिमा योदरखास्त आवह्नको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले सातदिन तोएिको ढाँचामा दरखास्त दिनुहुन अनुरोध छ । पुनश्च तपशिल अनुसारको कागजात राख्न समेत सूचित गरिन्छ ।

तपशिल

(१) अनसूची २ अनुसारको आवेदन फाराम

(२) अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

(३) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

(४) अन्य प्रमाणपत्रहरु तालिम शैक्षिक योग्यता आदि ।

**अनुसूची - २**

**अनुदान सहयोग प्राप्त गर्नका लागि दिइने आवेदन फारम**

श्रीमान नगर प्रमुख ज्यू
मध्यनेपाल नगरपालिका
भोर्लेटार, लमजुङ ।

विषय : युवा लक्षित अनुदान सहयोग उपलब्ध गराईदिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी..................................................कार्य गर्न तिब्र इच्छा भएकोले निम्न अनुसार कागतजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार यस नगरपालिकामा व्यवसायिक कृषि कार्य गर्नेछु । अत तपशिल अनुसारका कागतजात राखी सादर निवेदन गर्दछु ।

तपशिल
(१) अनुसूची ३ अनुसारको संक्षित कार्ययोजना
(२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
(३) फर्म/समूह/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
(४) कृषि कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता
(५) अन्य कागतजात जस्तै तालिम शैक्षिक योग्यता आदी ।

**अनुसूची - ३**

**युवा लक्षित कृषि कार्यक्रमको संक्षिप्त कार्ययोजना तथा प्रसताब**

युवा उद्यमी, व्यवसायी, फर्म र सहकारीको नाम थर :
ठेगना :-
संचालन गरेको वा चाहेको व्यवसाय र स्थान :
व्यवसायमा आफ्नो लगानी रकम रु :
पारिवारिक श्रम :
व्यवसायबाट उत्पादन हुने वस्तु :
उत्पादीत वस्तुतको परिणाम :
बजारयोग्य परिणाम :
व्यवसायले वातावरणमा नकारात्मक असर पाणाम :
व्यवसायले वातावरणमा नकारात्मक असर पार्छ/ पार्दैन

संचालन गरिने कार्यविवरण

| क.सं. | संचालन गरिने कृयाकलाप | निजी लगानी | अनुदान माग | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए विगत कति वर्ष देखि गरेको :- वर्ष...............महिना.......... अनुभव

फर्म, सहकारी व्यक्तिको नाम थर :-

ठेगाना :-

मिति :-

## अनुसूची - ४

## युवा लक्षित कृषि कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र

मध्यनेपाल नगरपालिका मार्फत संचालन गरिने चालु आ.व. ..............को स्वीकृत युवा लक्षित ..........................................कार्यक्रम संचालन गर्न मध्यनेपाल नगरपालिका पहिलो पक्ष र छनोट भएका युवा कृषक तथा संस्था वा समूह वा सहकारी दोस्रो पक्ष बिच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता भएको छ ।

(१) पहिलो पक्षले दोस्रो पक्षलाई कृषि व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार चेक उपलब्ध गराउने छ ।

(२) दोस्रो पक्षले आफूले आवेदन गरे अनुसारको व्यवसाय प्रभावकारी तरिकाले संचालन गर्ने छ ।

(३) पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ । अनुगमन गर्दा व्यवसाय संचालन नगरेको पाईएमा उपलब्ध गराईएको रकम असूल उपर गर्ने छ ।

(४) यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने सक्ने कुनै पनि प्रकृतिका प्रकोप आईपरेमा दोस्रो पक्ष स्वयं जिम्मेवार हुनेछ ।

(५) अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| मध्यनेपाल नगरपालिको तर्फबाट | युवा उद्यमी र संस्थाको तर्फबाट |
| नाम/ थर : | नाम/ थर : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छापा : | औंठा छाप : दा. बा. |
| सम्पर्क फोन नं. | संस्थाको छाप : |

## अनुसूची - ५
## प्रगति विवरण पठाउने फारमको ढाँचा

(१) उद्यमी कृषकको, समुह, संस्था वा सहकारीको
नाम :
ठेगाना :
आ.व.
(२) संचालित व्यवसायको
नाम :
ठेगाना :
प्रगति प्रतिवेदनको अवधि :

| क्र. सं. | कार्यविवरण | इकाई | लक्ष्य | प्रगति | आईपरेको समस्या | समाधानको लागि सुझाव |
|---|---|---|---|---|---|---|
| | | | | | | |

नाम :-
दस्तखत :-
मिति :-

**अनुसूची - ६**

**युवा प्रोत्साहन कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फारम**

| क्र. सं. | आवेदनको नाम | ठेगाना | मूल्याङ्कन १०० पूर्णाङकमा गर्ने | | वास्तविक लक्षित वर्ग | कूल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | अनुभव/ तालिम | कार्ययोजना | | |
| | | | ४० | ४० | २० | १०० |
| | | | | | | |

छनोट समितिका पदाधिकारीको
नाम/ थर, दस्तखत, मिति
(१)
(२)
(३)

आज्ञाले,

नर बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत